**प्रस्तावः (मिति २०७६/०९/१३, आइतबार, ७२ औं कार्यपालिका बैठक)**

१. नगर सभा सम्वन्धमा
२. कार्यविधि सम्वन्धमा
३. आधारभुत स्वास्थ्य केन्द्र स्थान निर्धारण सम्वन्धमा
४. स्वास्थ्य शाखा अन्तर्गत शसर्त अनुदान कार्यक्रम सम्वन्धमा
५. प्रेरणाका लागि अभियान नेपालको सेवा प्रदान अनुमति सम्वन्धमा
६. आर्थिक सहयोग सम्वन्धमा
७. नक्सा पास सम्वन्धमा
८. विशेष अनुदानमा बसेरी खानेपानी माग गर्ने
९. पोष्ट बहादुर बोगटी स्मृति प्रतिष्ठान भोगाधिकार सम्वन्धमा
१०. चाक्लिघाट गौशाला सम्वन्धमा
११. प्लाष्टिक, सिसा तथा कपडा जन्य फोहर सम्वन्धमा
१२. कृषि सामग्री संस्थानको भवन भत्काउने सम्वन्धमा
१३. नदिजन्य पदार्थ( ढुंगा, गिट्टी, बालुवा, आदि) बिक्रि गर्ने सम्वन्धमा
१४. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा

**निर्णय नं. १ :**

घोराही उपमहानगरपालिकाको छैटौ नगर सभाको दोश्रो बैठक २०७६ साल पुस २० गते बस्ने ।

**निर्णय नं. २ :**

घोराही उपमहानगरपालिकाको तपशिल बमोजिमका महाशाखा/शाखाबाट पेश भएका तपशिलका कार्यविधिहरु माथि छलफल गरियो । सदस्यहरुले पेश गर्नुभएको संशोधन प्रस्ताव समावेश गरि कार्यविधि पारित गर्ने |

तपशिलः

| सि.नं | कार्यविधिको नाम | पेश गर्ने महाशाखा/शाखा | कैफियत |
|---|---|---|---|
| १. | कृषि यान्त्रिकरण अनुदान संचालन कार्यविधि, २०७६ | कृषि विकास शाखा | |
| २. | व्यावसायिक तरकारी उत्पादन कार्यविधि, २०७६ | कृषि विकास शाखा | |
| ३. | प्रधानाध्यापक छनौट सम्वन्धी कार्यविधि २०७६ | शिक्षा युवा तथा खेलकुद महाशाखा | |
| ४. | सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापन सम्वन्धी कार्यविधि | शिक्षा युवा तथा खेलकुद महाशाखा | |

**निर्णय नं. ३ :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.व.०७५/०७६ र आ.व. ०७६/०७७ मा घोराही उपमहानगरपालिकामा देहाए बमोजिमका वडाहरुमा निम्नानुसार आधारभूत स्वास्थ्य केन्द्र स्वीकृत भई प्रथम चरणको लागि भवन निर्माण तथा कार्यालय संचालनका लागि रकम समेत निकासा भएकोले तपशिल बमोजिमको स्थानमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण गर्ने

तपशिलः

| सि.नं. | वडा नं. | संस्था को प्रकार | स्थान छनोट | छनोट गरिएको आ.व. | विनियोजित बजेट रु. | चालु आ.व.मा निकासा रकम रु. | कार्यालय संचालन खर्च रु. | जम्मा निकासा रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | Type2 | काडाखुट्टी | ०७५/०७६ | ३८८६९२० | ११६६०७६ | ५००००० | १६६६०७६ |
| २ | ६ | Type2 | फचकपुर | ०७५/०७६ | ३८८६९२० | ११६६०७६ | ५००००० | १६६६०७६ |
| ३ | ३ | Type1 | झिङ्गनी | ०७६/०७७ | ६३४६६३० | २२२१३२१ | ५००००० | २७२१३२०।५ |
| ४ | ९ | Type1 | ढिकपुर | ०७६/०७७ | ६३४६६३० | २२२१३२१ | ५००००० | २७२१३२०।५ |
| ५ | ११ | Type1 | शिवपुर | ०७६/०७७ | ६३४६६३० | २२२१३२१ | ५००००० | २७२१३२०।५ |
| ६ | १७ | Type1 | हरिद्वार | ०७६/०७७ | ६३४६६३० | २२२१३२१ | ५००००० | २७२१३२०।५ |
| | | | **जम्मा** | | **३३१६०३६०** | **११२१७४३६** | **३००००००** | **१४२१७४३४** |

**निर्णय नं. ४ :**

घोराही उपमहानगरपालिका स्वास्थ्य शाखा मार्फत संचालन हुने गरी शसर्त अनुदानतर्फ एकमुष्ठ प्राप्त रकम सोही शिर्षकसंग सम्वन्धित देहाए बमोजिम क्रियाकलाप संचालन गर्ने गरि बांडफांड गर्ने ।
तपशिलः

**निर्णय नं. ५ :**

प्रेरणाका लागि अभियान नेपालको मिति २०७६/०९/१३, च.न.२१ को प्राप्त पत्रानुसार मानसिक समस्याबाट पीडित सडकमा जीवन यापन गरिरहेका (मानसिक रोगी) व्यक्तिहरुको व्यवस्थापनका लागि घोराही उपमहानगरपालिका वडा नं. ३, कुइरेपानी मोहननगरमा भवन तथा आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको हुँदा यहिँ मिति २०७६ साल माघ महिना देखि नवनिर्मित भवनबाट सेवा प्रदान गर्ने गरि अनुमति माग भई आएको हुँदा सेवा प्रदान गर्न अनुमति दिने ।

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला समन्वय समिति (नेपाल भ्रमण बर्ष २०२० को उद्घाटन कार्यक्रमका लागि) | १०००००\|०० | अन्य संस्था सहायता | |
| २ | थारु कल्याणकारिणी सभा | २५००००\|०० | भाषा, साहित्य, संस्कृति तथा कला प्रवर्द्धन कार्यक्रम सहयोग सि.नं. २२१ रु १०००००\|०० अन्य संस्था सहायता १५००००\|०० | |
| ३ | राष्ट्रिय पोशाक संरक्षण महाभियान नेपाल | १००००\|०० | अन्य संस्था सहायता | |
| ४. | वडा नं. ११ बाल कल्याण प्रा.वि. अधुरो भवन निर्माण | १०००००\|०० | शैक्षिक संस्था सहायता | |
| ५. | ब्रह्माकुमारी इश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, नेपालको नवनिर्मित भवन निर्माण स्थलमा प्रयोग भएको मेसिन उपकरणको भुक्तानी | २८०००\|०० | धार्मिक, सांस्कृतिक सम्पदा संरक्षण | |

**निर्णय नं. ७ :**

घोराही उपमहानगरपालिका क्षेत्र भित्र रहेका धार्मिक संघसंस्थाहरुले आफ्नो स्वामित्वमा रहने गरि भवन निर्माण गर्दा नक्सापास एवं सम्पन्न सम्मको विविध प्रक्रियामा लाग्ने राजस्व छुट गरिदिन भनी माग भई आएको हुँदा छुट गरिदिने ।

**निर्णय नं. ८ः**

घोराही उपमहानगरपालिकामा आ.व. ०७७/०७८ मा तपशिल बमोजिमका आयोजनाहरु संघ सरकारको विशेष अनुदान एवं समपुरक अनुदान सहायता अन्तर्गत संचालन गर्न विशेष अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१ एवं समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगमा माग गरि पठाउने ।

तपशिल

१. विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | सैघा स्वास्थ्य चौकी भवन निर्माण | १९ | |
| २. | बसेरी खानेपानी योजना | ५ | |
| ३. | वडा कार्यालय भवन निर्माण (३ वटा) | ३,११,१३ | |

१. समपुरक अनुदान अन्तर्गत संचालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | ने.बै.ली- शहिद गेट - जिल्ला प्रशासन/ भरतपुर सडक निर्माण | १५ | |
| २. | रज्जेमन्नामे/मौलाकोट सडक निर्माण | ५, १३ | |
| ३. | खिरिटिया, लाखुवार, खैरागनार, कप्तान चोक हुदै डाँगी गाउँ सम्म सडक पिच | ५,६ | |

**निर्णय नं. ९ः**

पोष्ट बहादुर बोगटी स्मृति प्रतिष्ठानको मिति २०७६/०९/०९, च.नं. ४ र घोराही उपमहानगरपालिका १७ नं वडा कार्यालयको मिति २०७६/०९/०७, च.नं.१९४० को पत्रानुसार घोराही उपमहानगरपालिका वडा नं. १७ साविक लक्ष्मीपुर ४ ख कि.नं. ९३, प्रति ऐलानी जग्गा मध्ये ५८५६.७५ वर्ग मि.क्षेत्रफलको जग्गा उपलब्ध गराउन माग भई आएको हुँदा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यविधि २०७१ बमोजिम उपलब्ध गराउन सहमति दिने ।

**निर्णय नं. १०:**

घोराही उपमहानगरपालिका वडा नं. २ मा रहेको गौशालामा रहेका गाईबस्तुलाई चिसोबाट जोगाउन त्रिपाल माग भई आएको हुँदा माग भए बमोजिम उपलब्ध गराउने ।

**निर्णय नं. ११:**

आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रममा सडकमा छरिएर रहेका प्लाष्टिक तथा सिसा एवं कपडाजन्य वस्तुको खरिद कार्यका लागि बजेट बिनियोजन भएको र उपर्युक्त बस्तुको खरिद गर्न वातावरण तथा विपद व्यवस्थापन समितिको बैठकबाट तपशिलबमोजिमको मूल्य कायम गरि खरिद गर्न सिफारिस भई आएको हुँदा सोही बमोजिम मूल्य कायम गरि खरिद गर्ने ।

तपशिलः

१. प्लाष्टिक (पुनः प्रयोग हुने) प्रति के.जी रु.५
२. प्लाष्टिक (पुनः प्रयोग नहुने) प्रति के.जी रु.३
३. कपडा जन्य बस्तु प्रति के.जी. रु.५

उल्लेखित वस्तु खरिद पश्चात विक्री गरि सो वापत प्राप्त हुने रकम घुम्तीकोषको रुपमा परिचालन गर्ने र आ.व. को अन्तमा एकमुष्ठ जम्मा गर्ने ।

**निर्णय नं. १२ :**

घोराही उपमहानगरपालिका वडा नं. १५मा रहेको कृषि सामग्री संस्थानले भवन आचारसंहिता एवं मापदण्ड विपरित भवन निर्माण कार्य अगाडी बढाएकोले भवन आचार संहिता एवं मापदण्ड पालना गर्न पटक पटक पत्राचार गर्दा समेत सोको वेवास्ता गरि निर्माण कार्यलाई निरन्तरता दिएको हुँदा आचार संहिता एवं मापदण्ड विपरित रहेको उपर्युक्त भवन भत्काउने साथै देवः विकास बैंकले बैंक अगाडीको भागमा एटियम(ATM) काउन्टर बनाउने क्रममा उपमहानगरपालिका संग अनुमति नलिएको र प्राविधिक बाट स्थलगत अनुगमन गर्दा सो काउन्टरले समेत मापदण्ड मिचेको पाईएकोले सो समेत भत्काउने ।

**निर्णय नं. १३:**

घोराही उपमहानगरपालिकाको क्षेत्रभित्र रहेका र प्रारम्भिक वातावरणीय परिक्षण भएका खोला/नदीघाटबाट नदिजन्य पदार्थ विक्री वितरण गर्न प्रथम पटक मिति २०७६/८/२४ गते ठेक्का आह्वान गर्दा ठेक्का नलागेकोले हाल दोश्रो पटक मिति २०७६/९/१० गते पुनः ठेक्का आह्वान गरिएको । दोश्रो पटकको ठेक्का आह्वान पश्चात समेत ठेक्का लाग्न नसकेमा नदिजन्य पदार्थ व्यवस्थापन सम्वन्धी कार्यविधि बमोजिम सम्वन्धित स्थानीय तहले अमानतमा विक्री वितरण गर्न सक्ने कानूनी व्यवस्था अनुसार कार्यविधिमा व्यवस्था भए अनुसारको दर रेटमा अमनतबाट विक्री वितरण गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १४ :**

घोराही उपमहानगरपालिका सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७६/०९/११ को तपशिल अनुसारको निर्णय अनुमोदन गर्ने ।

तपशिलः

**१४.१** घोराही उपमहानगरपालिका वडा नं.१८ को च.नं. १८५३ मिति २०७६/९/१० को पत्रानुसार तथा प्रहरी मुचुल्काको प्रतिवेदन अनुसार आगलागीबाट प्रभावित श्री कृष्ण बहादुर श्रेष्ठलाई राहत स्वरूप रु ५०००।०० (अक्षरुपि पाँच हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने ।

**१४.२** घोराही उपमहानगरपालिका वडा नं. १८ को च.नं. १८५९ मिति २०७६/०९/११ को पत्रानुसार तथा प्रहरी मुचुल्का प्रतिवेदन अनुसार श्री जीवन कुमार श्रेष्ठको घरमा डेरा गरि बस्ने श्री लक्ष्मि रेग्मीको घरमा भएको आगलागीबाट प्रभावित हुनुभएको हुँदा पीडित श्री लक्ष्मी रेग्मीलाई स्थानीय विपद व्यवस्थापन कोषबाट रु ५०००|००( अक्षरुपि पाँच हजार मात्र) राहत स्वरूप प्रदान गर्ने ।

१४.३ घोराही उपमहानगरपालिका वडा नं. ६ को च.नं. १५६५ मिति २०७६/३/३० को पत्र, शिव बस्तीटोल कृषि सिंचाई कुलो समितिको बैठक तथा घोराही उपमहानगरपालिकाको प्राविधिक मुल्यांकन अनुसार वर्षातको समयमा मिति २०७६/०२/२७, २०७६/०२/२८ को अविरल वर्षाले क्षति भएको जन्द्रागाउँ खेतर्वा कुलो मर्मतको लागि ग्याविन जाली ढुंगा मार्फत मर्मत गर्नका लागि ढुंगा भर्ने खर्च रु.४,७०,००० (अक्षरुपि चार लाख सहत्तर हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।